# Gen Z
## Movement Alliance

मिति:२०८२/०६/२०

**प्रेस विज्ञप्ति**

विभिन्न जेन-जी समुह र व्यक्तिहरु आबद्ध भएका जेन-जी मुभमेन्ट अलायन्सले अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त माननीय प्रेम कुमार राई ज्यू सहित सम्पुर्ण आयुक्तहरुको तत्काल स्वेच्छिक राजिनामा माग गर्दछ।

वि.सं. २०८२ साल भाद्र २३ गतेबाट जने-जीद्वारा सुरु गरिएको आन्दोलनका मुख्य मागहरु भ्रष्टाचार र दण्डहिनताको अन्त्य हुन्। यी मागहरु पुरा गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निष्पक्ष, स्वतन्त्र र सक्षम पदाधिकारीले नेतृत्व गर्न अत्यावश्यक छ। तर सो आयोगका प्रमुख लगायत अन्य आयुक्तको नियुक्ति प्रक्रिया निरंकुश ढङ्गले पूर्वप्रधानमन्त्री खड्ग प्रसाद शर्मा ओलीको सरकारले संसदिय सुनुवाइ बिनै गरेको कुरा सबैमा अवगतै छ।

विशेष अदालतको फैसला पुर्णपाठमा समेत प्रमुख आयुक्तको स्वार्थद्वन्द र सिङ्गो आयोगको अभियोजन प्रणाली माथि नै प्रश्न गर्दै चयनात्मक अभियोजन गरेको बताइएकाले आयोगका प्रमुख आयुक्त माननीय प्रेम कुमार ज्यू सहित सम्पुर्ण आयुक्तहरुको निष्पक्षता माथि ठुलो प्रश्न उठाएको छ। यति मात्र नभई, दुईवटा वाइडबडी विमान खरिद प्रकरणमा संलग्न भएपछि नैतिकताका आधारमा प्रमुख आयुक्त माननीय प्रेम कुमार ज्यूले राजीनामा दिनुपर्ने माग पहिले देखि नै उठ्दै आएको विषय हो।

हाम्रो प्रारम्भिक अध्यायनमा देखिएअनुसार प्रमुख आयुक्त माननीय प्रेम कुमार ज्यूका निम्न लिखित प्रकरणमा प्रत्यक्ष तथा नियमकिय अधिकारीको रुपमा संलग्नताका कारण राजिनामा मागलाई अझै गम्भीर बनाएको छः

- नेपाल आयल निगमको जग्गा खरिद प्रकरण
- नक्कली भुटानी शरणार्थी प्रकरण
- वाईड बडी खरिद प्रकरण

हाल आयोगका प्रमुख लगायत अन्य आयुक्तलाई पदबाट निष्कासन गर्न महाअभियोग लगाउनु पर्ने तर त्यसका लागि संघीय संसद नभएका कारण सम्पुर्ण आयुक्तको पदलाई रिक्त बनाउन प्रमुख आयुक्त माननीय प्रेमकुमार ज्यू लगायत अन्य आयुक्तको राजिनामा अति आवश्यक रहेको छ। यसकारण जेन-जी मुभमेन्ट अलायन्सले उहाँको राजिनामा माग गरेको हो। उहाँहरुले राजिनामा दिएमा मात्र एउटा निष्पक्ष, स्वतन्त्र र सक्षम पदाधिकारी नियुक्त गरि भ्रष्टाचारसम्बन्धी आवश्यक कामकारबाही तीव्र गतिमा अघि बढ्न सक्ने हाम्रो बुझाई छ।

साथै, अन्तरिम सरकारलाई खुला अवेदन प्रकृया मार्फत सबै योग्यता भएका तथा सक्षम नागरिकले आवेदन दिन सक्ने गरी निष्पक्ष नियुक्ती समिती गठन गरी रिक्त भएका आयोगका पदहरुका लागी नयाँ आयुक्तहरु नियुक्ती गर्न पनि अनुरोध गर्दछौं। हाम्रो आन्दोलनका अरु प्रमुख मागहरु पारदर्शिता र सार्वजनिक निकायमा राजनितिक हस्तक्षेप अन्त्य गर्नु पनि हुन्। यी मागहरुप्रति अन्तरिम सरकारलाई ध्यानकर्षण गराउँदै हामी पारदर्शिताको उदाहरण बन्न पनि आग्रह गर्दछौं । यी निकायमा पहुँचवालाले सिफारिस गरेको बन्द लिस्टबाट नियुक्ती होईन, सबै सक्षम नेपाली नागरिकले आवेदन भरी समानुपातिक समावेशिताको सिद्धान्त र खुला प्रतिस्पर्धा मार्फत् हुनुपर्छ भन्ने हाम्रो धारणा हो ।

अनौपचारिक र विद्युतीय माध्यम बाट राजिनामा माग गर्दा नभए भोलि २०८२/०६/२१ गते बिहान १०:०० बजे आयोगको कार्यालयमा निवेदन दर्ता गराउने र आवश्यकता अनुसार अन्य कार्यक्रमहरु गर्न बाध्य हुने ब्यहोरा समेत अनुरोध छ।

**Gen-Z Movement Alliance**
(विभिन्न Gen Z समुदायहरुको ऐक्यबद्ध समूह)
सम्पर्क नम्बर: ९८६१३३१९८८

| | | |
|---|---|---|
| Samana Lawati<br>Pema Wangmo Lama | रिजन राना मगर | अनुषा खनाल<br>मोनिका<br>मोनीषा चौधरी<br>आकृति घिमिरे<br>ओजस्वी भट्टराइ |
| **Indigenous GenZ Collective** | **GenZ Movement Alliance (National Council)** | **howtodeshbikash** |
| Bishesh Shah | MD Nayim Rain | Hem Chaudhary |
| **GenZ Parsa** | **Muslim GenZ Nepal** | **Nawa Yug** |
| Amit Khanal (Urjaa) | Nabin Rai | Aavash Sapkota |
| **New Wave** | **Gen Z Movement Alliance- Districts Councils Forum** | **Gen Z Chitwan** |
| | Sudip Seth<br>Ashutosh Jha | |
| | **GenZ Digital Dastak** | |

मिति:२०८२/०६/२०

माननीय प्रेम कुमार राई ज्यू,
प्रमुख आयुक्त,
अख्तियार दुरुपयोग अनुसन्धान आयोग, नेपाल ।

**विषय: राजिनामा दिनका लागी आग्रह तथा दबाब पत्र।**

महोदय,

वि.सं. २०८२ साल भाद्र २३ गतेबाट जने-जीद्धारा सुरु गरिएको आन्दोलनका मुख्य मागहरु भ्रष्टाचार र दण्डहिनताको अन्त्य हुन् भन्नेबारे यहाँलाइ अवगतै छ । यी मागहरु पुरा गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा निष्पक्ष, स्वतन्त्र र सक्षम पदाधिकारीहरुको नियुक्ति गर्न आवश्यक छ । तपाईंलगयत अरु सम्पुर्ण आयुक्तको नियुक्ती संसदिय सुनुवाइ बिना नै पूर्वप्रधानमन्त्री खड्ग प्रसाद शर्मा ओलीको सरकारले अध्यादेश जारी गरी निरंकुश ढङ्गले भएको छ । यसले तपाईंको निष्पक्षतामा ठुलो प्रश्न उठाउँछ ।

साथै, तपाईंका कार्यहरु राजनीतिक रूपमा पक्षपाती छन् भन्ने आलोचना पनि प्रशस्तै छन् र तपाईंको आफ्नै नाम वाईड बडी घोटालालगायत धेरै भ्रष्टाचारका मुद्दाहरुमा मुछिएको पनि छ । विशेष अदालतले समेत स्पष्ट रुपमा तपाईं र सिंङ्गो अख्तियार दुरुपयोग अनुसन्धान आयोगकै कार्यप्रणाली माथि प्रश्न उठाएको छ । यसले भ्रष्टाचार अन्त्य र दोषीलाइ कारबाही लगायतका सबै पक्षमा नकारात्मक प्रभाव पार्दछ भन्ने अनुमान गर्न गलत नहोला। तपाईंको नेतृत्वमा यी कार्यहरु निष्पक्ष रुपले हुनसक्ला भन्नेमा कुनै विश्वसनिय आधार छैन।

यस कारण, ७५ जना नेपाली नागरिकले कुशासन, भ्रष्टाचार र दण्डहिनताको अन्त्य गर्नका लागी दिएको शाहदतलाई सम्मान गर्दै नैतिकताको आधारमा तपाईं लगायत सम्पुर्ण आयुक्तलाई तत्काल राजिनामा दिनका लागी आह्वानका साथै यस पत्र मार्फत दबाब दिन्छौँ ।

तपशील:

- ३९ वटा जिल्ला प्रतिनिधित्व गर्ने १२ वटा जेन-जी समूहले हस्ताक्षर गरी सम्माननीय प्रधानमन्त्रीज्यूको निजी सचिवालयमा दर्ता गरिएको जनादेशसम्बन्धी सम्झौताको दोश्रो माग: नेपालमा भएको संस्थागत भ्रष्टाचार, सार्वजनिक संस्थाहरुको राजनीतिकरण (दलीयकरण) र राजनीतिक नियुक्तिको अन्त्य गर्ने को प्रतिलिपि

बोधार्थ:
सम्माननीय प्रधानमन्त्रीज्यू,
माननीय गृह मन्त्रीज्यू,
माननीय अर्थ मन्त्रीज्यू,
सबै माननीय आयुक्तज्युहरु,
अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू ।

भवदीय,
**Gen-Z Movement Alliance**
(विभिन्न Gen Z समुदायहरुको ऐक्यबद्ध समूह)
सम्पर्क नम्बर: ९८६१३३१९८८

## अनुसुची १ :

## जेन-जीको नेतृत्वमा भएको जनआन्दोलनको जनादेश

### माग २ - नेपालमा भएको संस्थागत भ्रष्टाचार, सार्वजनिक संस्थाहरूको राजनीतिकरण (दलीयकरण) र राजनीतिक नियुक्तिको अन्त्य गर्ने

९. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सबै आयुक्तहरूको सार्वजनिक सुनुवाइ गरी आवश्यक परेमा पदमुक्त समेत गरी सो आयोगमा निष्पक्ष, स्वतन्त्र र सक्षम पदाधिकारीको नियुक्ति गर्ने, पदमुक्त भएका आयोगका पदाधिकारीलाई समेत अनुसन्धानको दायरामा ल्याउनु पर्ने,

१०. सो आयोगले नेपालका संघीय, प्रदेश र स्थानिय तहका सार्वजनिक संस्था, र राजनीतिक दलहरूमा भएको भ्रष्टाचार र शक्तिको दुरुपयोगको अनुसन्धान र अभियोजन गर्ने साथै प्रशासनिक क्षेत्रमा लागेका सबै व्यक्तिको छानबीन र भ्रस्टाचारमा देखिएका सबै सम्पत्ति राष्ट्रियकरण गर्नुपर्यो। यसका साथै हरेक धार्मिक सांस्कृतिक क्षेत्रमा लागेका हरेक संघ संगठनको छानबीन होस्। सम्पत्ति शुद्दिकरण अभियान चालाइयोस।

११. सो आयोगको कामलाई सहयोग र अनुगमन गर्न समेत जेन-जी र युवाको कार्यदल गठन गरी सो कार्यदलसँग अनिवार्य परामर्श गरी सो आयोगलेले काम गर्नु पर्ने छ,

१२. आयोगले ९० दिन भित्र नेपालका सबै संसदीय दलका प्रमुख, पूर्व मन्त्रिपरिषद्का सदस्यहरू, पूर्व प्रदेश मन्त्रीपरिषद्का सदस्यहरू, सङ्घीय संसदका अध्यक्ष र सभामुख, सर्वोच्च अदालतका न्यायधीश, नेपाल सरकारका सबै सचिव र विशिष्ट श्रेणीका पदाधिकारी र तीनको संयुक्त परिवारको सम्पत्ति विवरण र सो को स्रोत माग गरी, त्यसमा छानबिन समेत गरी, सार्वजनिक सुनुवाइ पश्चात् आवश्यकता अनुसार अभियोजनको प्रक्रिया सुरु गर्ने,

१३. राजनीतिक दलहरूले विगतमा सार्वजनिक जग्गा, सम्पत्ति र कोषको प्रयोग गरी आफ्ना नेताहरूको नाउँमा सञ्चालन गरेका प्रतिष्ठान, कोष, केन्द्रहरू खारेज गरी तिनको सम्पूर्ण सम्पत्ति राष्ट्रियकरण गर्ने,

१४. आयोगले जनताबाट प्रत्यक्ष उजुरी प्राप्त गर्न सक्ने गरी संरचना तयार गरी, प्राप्त भएका सबै उजुरीको गोपनियता कायम गरी ३० दिनभित्र प्रारम्भिक अनुसन्धान गरी सोको अध्यावधिक राखी सार्वजनिक माध्यमबाट जानकारी गराउने,

१५. भ्रष्टाचारसँग सम्बन्धित कानुनमा सुधार गर्नु पर्ने विषयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका पूर्व प्रतिवेदनहरु समेत अध्ययन गरी, विशेष गरी नीतिगत भ्रष्टाचारलाई समेत सम्बोधन गर्न कानुनमा आवश्यक संशोधनको यथाशीघ्र सिफारिस गर्ने,

१६. संवैधानिक आयोगहरु, न्याय परिषद् लाई राजनैतिक हस्तक्षेपबाट पूर्ण रूपमा मुक्त राख्न र स्वायत्त तथा स्वतन्त्र ढङ्गले कार्यसम्पादन गर्न सक्षम बनाउन उक्त आयोगहरूको संरचना तथा पदाधिकारी नियुक्तिको प्रक्रियालाई सुधार गर्नका लागि नेपालको संविधानमा संशोधन गर्नु पर्ने बुँदा तर्जुमा गरी सिफारिस गर्ने,